# थबाङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, थबाङ्ग, रोल्पा

## नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम, दोश्रो चरण
## सब इन्जिनियरको कार्य विवरण

**पद**: सब इन्जिनियर (Sub-Engineer)

**उत्तरदायी :** जलवायु परिवर्तन संयोजक, नेजपसका र सिंजा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

**सुपरिबेक्षण तथा अनुगमन** : नेजपसका २ का  इन्जिनियर तथा सम्बन्धित गाउँपालिका प्राविधिक प्रमुख

**कार्यक्षेत्र:** थबाङ्ग गाउँपालिका भरी

**कार्यक्रमको संक्षिप्त परिचय:**

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम, दोश्रो चरण नेपाल सरकारको कार्यक्रम हो। यस कार्यक्रमका लागि बेलायत सरकारको आर्थिक तथा मोट म्याकडोनाल्ड लिमिटेडको प्राविधिक सहयोग रहेको छ। यस कार्यक्रमले जलवायु परिवर्तन संकटासन्न समुदायको उत्थानशील क्षमता अभिबृद्धिको लागि गाउँपालिका तथा नगरपालिकाको जलवायु उत्थानशील योजना कार्यान्वयन गर्न सहयोग गर्दछ। स्थानीय सरकारको पुर्वाधार निर्माण तथा जिविकोपार्जन विकासका लागि राष्ट्रिय अनुकूलन कार्ययोजना (लापा) खाका, २०७६  अनुसार जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलतालाई मुल प्रवाहीकरण गर्न यस कार्यक्रमले सहयोग गर्दछ । नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ ले तपशिल बमोजिमको मुख्य उपलब्धिको अपेक्षा गरेको छ ।

१. सरकारले दीर्घकालिन विकास योजनामा जलवायु उत्थानशीलतालाई मुलप्रवाहीकरण गर्नेछ ।

२. गाउँपालिका तथा नगरपालिकाहरुद्धारा जलवायु वित्त सम्बन्धि विविध श्रोतको व्यवस्थापनलाई सुदृढ र पारदर्शी बनाउनेछ ।

३. प्रभावकारी सेवा प्रवाहद्धारा संकटासन्न समुदायहरु लाभान्वित हुनेछन् जसले परिस्कृत जलवायु उत्थानशील जिविकोपार्जन कृयाकलापहरु अनुकुलित गराउनेछ ।

यो कार्यक्रमबाट एकिकृत जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशील योजना तर्जुमा तथा कार्यान्वयनमा थबाङ्ग गाउँपालिकाले नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २, कार्यान्वयन गरिरहेको छ । यसले संकटासन्न क्षेत्रमा स्थानीय विकास योजना तथा सहयोगहरुलाई बढि उत्थानशील बनाउन सहयोग गरेको छ। स्थानीय अनुकुलन कार्ययोजना (लापा) खाका २०७६ मा उल्लेखित प्रकृया तथा पद्धति बमोजिम जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशीलताको लागि सहयोग गरेको छ । यस लापा खाकाले स्थानीय तहको सात चरणको वार्षिक योजना चक्र र लापा खाकाको पद्धतिलाई अवलम्बन गरेको छ ।

सब इन्जिनियरले स्थानीय अनुकुलन कार्ययोजना वा जलवायु उत्थानशील योजनाका कृयाकलापहरुको डिजाइन, इस्टिमेट, सुपरिवेक्षण तथा बील भुक्तानीका लागि गाउँपालिका, कार्य पालिकाको कार्यालयलाई सहयोग गर्ने मुख्य जिम्मेवारी हुनेछ । गाउँ कार्यपालिकाको कार्यालय र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २, प्राविधिक सहायता टिमको प्रत्यक्ष रेखदेखमा तपशिल बमोजिमको कार्यहरु गर्नुपर्नेछ ।

1. गाउँ कार्यपालिकाको कार्यालय र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ को क्लस्टर अफिस तथा गाउँपालिकाको प्राविधिक शाखासँगको प्रत्यक्ष सम्पर्क समन्वयमा कार्य गर्ने

2. स्थानीय अनुकुलन कार्ययोजना (लापा) कार्यान्वयनका लागि सामाजिक परिचालनको माध्यमबाट सहयोग गर्न तथा नियमित सुपरिवेक्षण गरि समयमा प्रतिवेदन पेश गर्ने
3. जलवायु उत्थानशील योजनाहरुको प्राविधिक सर्वेक्षण, इस्टिमेट, डिजाइन तथा विस्तृत योजना प्रतिवेदन तयार गर्न सहयोग गर्ने तथा स्वीकृत डिजाइन इस्टिमेट बमोजिम कार्य गर्न उपभोक्ता समितिलाई सहयोग गर्ने
4. योजना कार्यान्वयनका लागि स्थानीय समुदाय, वडा कार्यालय तथा सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गर्दै निर्धारित समयभित्र कार्य सम्पन्न गर्न गराउन आवश्यक सहयोग गर्ने र कामको गुणस्तर कायम गर्ने
5. लापा कृयाकलापहरुको प्रभावकारी कार्यान्वयन गर्न अनुगमन तथा सुपरिवेक्षण गर्ने र आवश्यक विधि प्रकृया, सामानको गुणस्तर तथा मेशिन उपकरण आदिको प्रयोगको सुनिश्चित गर्ने
6. स्थानीय संकटासन्न समुदायको अनुकुलन क्षमता अभिबृद्धि तथा स्थानीय सरकार तथा स्थानीय सरोकारवालाहरुसँग समन्वय कायम गरि अनुकुलन अभ्यासहरुको मुलप्रवाहीकरणका जोड दिने
7. नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको सहयोग प्राप्तकर्तालाई लापा कृयाकलापको प्राथमिकता, लाभदायकता, प्रभावकारीता, समावेशिता, सामयिकता समेतको सुनिश्चित गरि प्राविधिक सहयोग उपलब्ध गराउने
8. कार्यक्रम कार्यान्वयनको क्रममा उपभोक्ता समिति, समुह तथा सहकारीहरुलाई उपयुक्त प्रविधिहरुको वित्तिय तथा प्राविधिक दृष्टिकोणबाट हुने फाइदा बेफाइदाहरुको आधारमा प्रविधि प्रयोगको सल्लाह दिने
9. उपभोक्ता समिति वा ठेकेदारहरुलाई प्रस्ताव तयार गर्न, कोष प्रवाह गर्न, अनुदान सहयोग प्राप्त गर्न सहयोग गर्ने तथा प्राप्त सहयोग अनुदानको उचित उपयोगको सुनिश्चित गर्ने ।
10. उपभोक्ता समुह वा ठेकेदारहरुलाई पालिका मार्फत् कोष प्रवाह गर्न (पेश्कि वा किस्ता वा आंशिक भुक्तानी वा अन्तिम भुक्तानी) का लागि आवश्यक सहजिकरण (रनिङ बील तथा अन्तिम बील उठाउने) गर्ने
11. लापा कृयाकलापहरुमा गरिब तथा बहिस्करणमा परेका समुहहरु (महिला, अल्पसंख्यक, जातीय वा सामाजिक बहिस्करणमा परेको समुह) को सहभागिता सुनिश्चित गर्ने
12. जलबायु मैत्री स्थान विशेष बैकल्पिक उर्जा प्रविधिको पहिचान तथा प्रवर्द्धन गर्ने
13. गाउँ कार्य पालिकाको कार्यालय, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २, प्राविधिक सहायता टिमको क्लस्टर एवं क्षेत्रीय कार्यालयको आवश्यकता अनुसार तोकिएको अन्य कार्य गर्ने ।

**आवश्यक न्युनतम शैक्षिक योग्यता, कार्यानुभव तथा प्राथमिकताः**

क) Diploma in Engineering वा सो सरह उत्तीर्ण भएको

ख) सामुदायिक स्तरमा पुर्वाधार निर्माणको क्षेत्रमा कम्तिमा २ वर्षको कार्यानुभव भएको (जलवायु परिवर्तनको क्षेत्रमा कार्य गरेकोलाई थप प्राथमिकता दिइनेछ)

ग) जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशीलता सम्बन्धि स्थानीय तथा राष्ट्रिय नविनता सम्बन्धि ज्ञान भएको

घ) Auto CAD सम्बन्धि ज्ञान भएको

ङ) महिला, अल्पसंख्यक तथा सुविधाविहिन वर्गका उम्मेदवारलाई प्राथमिकता दिइने छ ।

**करार अवधिः** ६ महिना (कार्य मुल्यांकनका आधारमा थप गर्न सकिने)

**आधार तलबः** रु………………।००

**छनौट प्रकृयाः** लिखित तथा मौखिक परिक्षा

**परिक्षाको पाठ्यक्रमः** कार्यविवरण तथा न्युनतम शैक्षिक योग्यता र कार्यानुभवमा उल्लेख भएका विषयवस्तुहरु

**अन्य प्रावधान :** गाँउपालिकाको नियमानुसार

कार्यक्रमको आवश्यकता बमोजिम जुनसुकै समय कार्यविवरण परिमार्जन तथा परिवर्तन हुन सक्नेछ। सब इञ्जिनियरको कार्यसम्पादन सन्तोषजनक नभएमा जुनसुकै बखत करारबाट हटाउन सकिनेछ।

नोट : थबांग गाउँपालिका सबै आवेदनकर्ताहरुलाई  बराबर अवसर प्रदान गर्दछ, कुनै वर्तमान वा सम्भावित कर्मचारीलाई उनीहरूको उमेर, राष्ट्रियता, जाति, अभिभावकीय स्थिति, वर्ग, जाति वा जातीय मूल, रंग, धार्मिक विश्वास, अशक्तता, लिंग, वा वैवाहिक स्थितिको कारणले भेदभाव  गरिदैन ।